# बगनासकाली गाउँपालिका
# बालक्लब सञ्जाल गठन तथा बालभेला संचालन सम्बन्धी कार्यविधि

## १) पृष्ठभूमि :

बगनासकाली गाउँपालिकाले आफ्नो गाउंपालिकालाई बालमैत्री गाउंपालिकाको रुपमा विकास गर्न नीतिगत निर्णय गर्नुका साथै गाउं कार्यपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरुलाई अभिमुखीकरण गरेको छ । गाउंपालिकामा बालमैत्री स्थानीय शासन समिति गठन हुनुका साथै चालु आ.व.को बांकी अवधिका लागि कार्ययोजना समेत तयार गरेको छ । कार्ययोजनामा वडादेखि गाउंपालिकासम्म बाल सञ्जाल तयार गर्ने तथा बालभेला गर्ने क्रियाकलाप समावेश गरेको छ । बालमैत्री गाउंपालिका निर्माण गर्न बालबालिकाको सहभागिताको अधिकार सुनिश्चत गर्न आवश्यक भएको र बालमैत्री स्थानीय शासनको सूचकमा बालक्लब सञ्जाल गठन गर्ने र बालभेला नियमित गर्ने विषयलाई समावेश गरेको सन्दर्भमा उक्त कार्य संचालनका लागि यो आधार पत्र (कार्यविधी) तयार गरिएको हो ।

## २) उद्देश्य :

क) गाउंपालिकाका सबै वडामा क्रियाशील बालक्लबहरुबीच सञ्जाल तयार गर्ने,
ख) गाउंपालिकास्तरमा पालिकास्तरीय बालक्लब सञ्जाल गठन गर्ने,
ग) बालबालिकाहरुसंग आगामी योजनामा समावेश गर्न पर्ने बाल सवालहरु संकलन गर्ने,
घ) वडामा बालक्लबहरुको सूचिकृत गर्न सहजीकरण गर्ने ।

## ३) वडास्तरीय बालभेला सञ्चालन कार्यविधि :

क) वडापालिकाले गाउं बाल संरक्षण समितिको सहयोगमा समुदायमा आधारित क्रियाशील बालक्लबहरुको विवरण लिने,
ख) बिदाको दिन पर्ने गरी बालभेलाको मिति तय गर्ने ।
ग) वडा बैठकबाट मिति तय गरी बालक्लबहरुलाई बालभेलाको उद्देश्य, बाल प्रतिनिधिहरुको छनौट विधि तथा सूचिकरण फारमसहित पठाउने,
घ) बालक्लबहरुले बैठक राखी प्रत्येक बालक्लबबाट १२ देखि १८ वर्षभित्रका कम्तिमा एक जना
ङ) बालिका पर्ने गरी ३ जना वडा प्रतिनिधि छनौट गर्न परिपत्र गर्ने ।
च) प्रतिनिधि छनौट गर्दा समुदाय हेरी जनजाति, दलित, अपांगता भएका समुदायका बालबालिकाको सहभागिता समेत सुनिश्चित गर्ने ।
छ) बालभेला सञ्चालन :

- बालप्रतिनिधिहरुलाई गाउंपालिकालाई बालमैत्री बनाउन लागिएको जानकारी सहित बालमैत्री गाउंपालिकाका आधारहरु, गा.पा.को बालमैत्री आचारसंहिताबारे जानकारी गराउने ।

- बालमैत्री गाउं बनाउन बालबालिकाको भूमिका प्रष्ट गर्ने ।
- वडा तथा गाउंपालिकाले बालबालिकाको क्षेत्रमा गर्न पर्ने कामहरुका बारेमा छलफल गरी माइन्युट गर्ने ।
- भेलामा सबै बालक्लबहरुको सूचिकरण फारम संकलन गर्ने ।

ज) सहभागी भएका बालक्लब प्रतिनिधिहरुको उपस्थिती तथा निर्णयहरु माइन्युट गर्ने ।

झ) भेलाबाट वडास्तरीय निम्नअनुसार समावेशी खालको बालक्लब सञ्जाल गठन गर्ने :

अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, सचिव १ जना, उपसचिव १ जना, कोषाध्यक्ष १ जना, सदस्यहरु ७ जना सदस्यहरु गरी १२ जना । (५ मुख्य पदमा बालिका कम्तिमा २ जना पर्ने र कूलमा कम्तिमा ५ जना पर्ने गरी । अन्य जातजाति, अपांगता, दलित आदिको सहभागिता समेत सुनिश्चित गर्ने)

ञ) वडाले फारमको आधारमा बालक्लबहरुको सूचिकरण गर्ने र प्रमाण पत्र वितरण गर्ने ।

ट) बालभेलाको माइन्युटको प्रतिलिपि गाउंपालिकामा पठाउने ।

### ३) गाउंपालिका स्तरीय बालभेला सञ्चालन कार्यविधि :

क) वडापालिकाले पठाएको बालक्लब सञ्जालको मुख्य पदाधिकारीहरु(अध्यक्षदेखि कोषाध्यक्षसम्म) को नामसहितको विवरण तयार गर्ने ।

ख) बिदाको दिन पर्ने गरी बालभेलाको मिति तय गर्ने ।

ग) वडा बालक्लब सञ्जाललाई ५ जना पदाधिकारीहरु सहभागी हुनेगरी बालभेलाको उद्देश्य, कार्यक्रमसहित परिपत्र गर्ने ।

घ) बालभेलाको लागि सहजकर्ताको व्यवस्था सहित अतिथिहरुलाई आमन्त्रण गर्ने ।

ङ) बालभेला आयोजना :

- उद्घाटन सत्र ।
- बालमैत्री गाउंपालिका, बालक्लबको काम कर्तव्यका विषयमा अभिमूखीकरण ।
- गाउंपालिकाले बालबालिकाको क्षेत्रमा गर्न पर्ने कामहरुको बारेमा परामर्श कार्यशाला ।
- गाउंपालिकास्तरीय बाल सञ्जालको संरचना, काम कर्तव्य र बैठक, कार्यविधिका बारेमा जानकारी तथा पास गर्ने ।
- गा.पा.स्तरीय बाल सञ्जाल गठन । (प्रत्येक वडाबाट १ जना पर्ने गरी ९ जना र मनोनित ३ जना)

च) बालभेलाको माइन्युट गर्ने र सहजकर्ताले प्रतिवेदन तयार गर्ने ।